# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल-५, ललितपुर

**MD/MS, MPH, BSc. Nursing, Fellowship in Emergency Medicine and Fellowship in Clinical Rheumatology**

**अध्ययनका लागि आवेदन सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७५/४/२३)**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले शैक्षिक सत्र २०७५/०७६ मा देहायको संकायमा आवेदनको लागि योग्यता पुगेका ईच्छुक नेपाली उम्मेदवारबाट दरखास्त आह्वान गरेको छ। तोकिएको ढाँचामा माग गरिएका कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैमा सूचित गरिन्छ।

MD/MS- यस कार्यक्रममा भर्ना लिने बिषयहरु : **General Practice and Emergency Medicine, Internal Medicine, General Surgery, Obstetrics and Gynecology, Pediatrics, Orthopedics, Otorhinolaryngology (ENT), Psychiatry, Radiology and Imaging**

**MD/MS** मा आवेदन दिने आवेदकले नेपाल मेडिकल काउन्सिलको मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र स्नातक तह (एम.बी.बी.एस.) वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) बर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

**दरखास्त फाराम वितरण मिति :** तोकिएको दस्तुर तिरेको भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मिति २०७५ श्रावण २५ गते शुक्रबारदेखि २०७५ भाद्र १२ गते मंगलबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फाराम लिन सकिनेछ।

**दरखास्त फाराम बुझाउने मिति :** तोकिएको आवेदन फाराम भरी दस्तुर तिरेको भौचर सहित दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७५ श्रावण २७ गते आईतबारदेखि २०७५ भाद्र १२ गते मंगलबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७५ भाद्र १३ र १४ गते (शनिबार र सार्वजनिक विदा बाहेक) फाराम बुझाउन सकिनेछ।

**दरखास्त फाराम लिने र बुझाउने स्थान :** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (पाटन अस्पताल परिसर), लगनखेल, ललितपुर।

**MPH :** यस कार्यक्रममा आवेदकले स्वास्थ्य विज्ञानका विधामा कम्तीमा स्नातक तह हासिल गरी नेपाल सरकार वा कानूनद्धारा स्थापित सम्वन्धित स्वास्थ्य परिषद्मा दर्ता भई कम्तीमा एक (१) बर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

**दरखास्त फाराम वितरण मिति :** तोकिएको दस्तुर तिरेको भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७५ श्रावण ३१ गते बिहीबारदेखि २०७५ भाद्र ३१ गते आईतबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फाराम लिन सकिनेछ।

**दरखास्त फाराम बुझाउने मिति :** तोकिएको आवेदन फाराम भरी दस्तुर तिरेको भौचर सहित दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७५ श्रावण ३१ गते बिहीबारदेखि २०७५ भाद्र ३१ गते आईतबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७५ असोज १ गते सोमबार र २ गते मंगलबार (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फाराम बुझाउन सकिनेछ।

**दरखास्त फाराम लिने र बुझाउने स्थान :** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (पाटन अस्पताल परिसर), लगनखेल, ललितपुर।

**B.Sc. Nursing :** यस कार्यक्रममा आवेदन दिने आवेदकले मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरहको परीक्षामा जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान बिषयमा सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा बेग्ला बेग्लै उत्तीर्ण भई अंग्रेजी समेतको योग मिलाई कुल पूर्णाङ्कमा न्यूनतम ५०% अङ्क वा ग्रेडिङ्ग प्रणाली अनुसार न्यूनतम क्युमुलेटिभ जिपीए २.४ ल्याई उत्तीर्ण गरेको हुनु पर्नेछ।

**दरखास्त फाराम वितरण मिति :** तोकिएको दस्तुर तिरेको भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेभित्र मिति २०७५ श्रावण २७ गते आईतबारदेखि २०७५ भाद्र २७ गते बुधबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फाराम लिन सकिनेछ।

**दरखास्त फाराम बुझाउने मिति :** तोकिएको आवेदन फाराम भरी दस्तुर तिरेको भौचर सहित दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेभित्र मिति २०७५ श्रावण २७ गते आईतबारदेखि २०७५ भाद्र २७ गते बुधबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७५ भाद्र २८ बिहीवारदेखि भाद्र ३१ गते आईतवारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फाराम बुझाउन सकिनेछ।

**दरखास्त फाराम लिने र बुझाउने स्थान :** पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर। सम्पर्क फोन : ०१-५५२६४२२।

**Fellowship in Emergency Medicine :** यस कार्यक्रममा आवेदन दिने आवेदक MDGP उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा Specialty दर्ता भएको हुनु पर्नेछ ।
**Fellowship in Clinical Rheumatology :** यस कार्यक्रममा आवेदन दिने आवेदक Internal Medicine बिषयमा MD उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा Specialty दर्ता भएको हुनु पर्नेछ ।
**आवेदन दिने मिति र स्थान** : २०७५ श्रावण ३१ गते बिहीबारदेखि २०७५ भाद्र ३१ गते आईतबारसम्म डीनको कार्यालय, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, ललितपुर ।

**माथि उल्लेखित संकायहरुको प्रवेश परीक्षा सम्वन्धी विस्तृत जानकारीको लागि प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np हेर्नु होला ।**

आवेदन दर्ता गराउँदा प्रवेशपत्र वितरण मिति, परीक्षा केन्द्र, परीक्षाको मिति र समय आदिको जानकारी गराईनेछ ।